नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

च.नं. १३५ मंसिर २४, २०८२

श्री सभापति जी,
एक मात्र निर्वाचन क्षेत्र भएका जिल्ला कार्यसमिति, र
नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति ।

**विषय: क्रियाशील सदस्यता वितरण सम्बन्धमा ।**

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले पार्टीको १५ औं महाधिवेशन आगामी पौष २६, २७ र २८ गते सम्पन्न गर्ने निर्णय गरेको व्यहोरा अवगत नै छ । १५ औं महाधिवेशनको कार्यतालिका अनुसार नयाँ क्रियाशील सदस्यता वितरण गरी प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले सम्पन्न गर्नु पर्ने समय पौष ८ गतेसम्म तोकिएको छ । जस अनुसार प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति मार्फत् तहगत समन्वय गरी वडा कार्यसमितिको बैठक राख्न लगाई सदस्यता वितरण गर्ने । वडा कार्यसमितिले बैठक वसी सदस्यता वितरण गर्ने र वितरीत सदस्यता नामावलीको सूची एवं फारम र शुल्क समेत महानगर/उपमहानगर/नगर /गाउँपालिकालाई मंसिर २९ सम्म बुझाउनु पर्नेछ ।

त्यसैगरी महानगर/उपमहानगर/नगर/गाउँपालिका कार्यसमितिले बैठकको निर्णय सहित पौष २ गतेभित्र प्रदेशसभा क्षेत्रीय कार्यसमितिलाई, प्रदेशसभा क्षेत्रीय कार्यसमितिको वैठकको निर्णय सहित पौष ४ भित्र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिलाई, प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले वैठकको निर्णय सहित पौष ८ भित्र सदस्यता वितरण सम्बन्धि कार्य सम्पन्न गरि जिल्ला कार्यसमितिलाई तहगत निर्णय सहित अन्तिम नामावली, सूची र शुल्क समेत अनिवार्य रुपमा वुझाउनु पर्नेछ ।

यसैगरी एकमात्र निर्वाचन क्षेत्र भएको जिल्लामा वितरण भएको नयाँ क्रियाशील सदस्यताको सूची जिल्ला कार्यसमितिले प्रकाशित गरी बैठकको निर्णय सहित केन्द्रीय कार्यालयमा पुस १० गतेभित्र र दुइ वा दुइभन्दा वढी निर्वाचन क्षेत्र भएको जिल्लामा वितरण भएको नयाँ क्रियाशील सदस्यताको सूची प्रतिनिधि सभा क्षेत्रिय कार्यसमितिले प्रकाशित गरी निर्णय सहित जिल्ला कार्यसमितिमा र केन्द्रीय कार्यालयमा पुस ११ गतेभित्र पठाइसक्नु पर्नेछ ।

नेपाली कांग्रेसको क्रियाशील सदस्यता वितरण सम्बन्धमा यस अघि प्रेषित परिपत्र अबगत नै छ । नेपाली कांग्रेसको क्रियाशील सदस्यता वितरण गर्दा विधान, नियमावली र केन्द्रीय कार्यसमितिको मंसीर १५ गतेको निर्णय अनुसार देहायका प्रक्रिया, आधार र मापदण्डलाई मध्यनजर गरी प्रदान गर्नु गराउनु हुन यो परिपत्र गरिएको छ ।

**नयाँ क्रियाशील सदस्यता वितरणको आधार र मापदण्ड:**

१. नेपाली कांग्रेसको क्रियाशील सदस्यता लिन चाहने नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ४ को उपधारा (१) र (३) बमोजिम योग्यता पुगेका व्यक्तिलाई सहज रुपमा सदस्यता प्रदान गर्ने । कुनै पनि पनि योग्य व्यक्तिलाई सदस्यताबाट वञ्चित नगर्ने ।

टेलिफोन : (००९७७–१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
E-mail: info@nepalicongress.org / Internet Access: http://www.nepalicongress.org

२. प्रतिनिधि सभाको क्षेत्रमा पार्टीको १४ औं महाधिवेशनमा कायम रहेको क्रियाशील सदस्य संख्याको सामान्यतया शतप्रतिशत नयाँ क्रियाशील सदस्यता फारम प्रतिनिधि सभा क्षेत्रीय सभापति मार्फत् केन्द्रले उपलब्ध गराउनेछ ।

३. यसका अतिरिक्त वडाको जनसंख्या, मतदाता र क्रियाशील सदस्यको अनुपातमा मापदण्ड र क्लष्टर बमोजिम अपुग भएमा वडाले प्रतिनिधि सभा क्षेत्रीय समिति मार्फत माग गरेमा आवश्यकता अनुसार थप सदस्यता वितरण गर्न सक्ने गरी सदस्यता फारम उपलब्ध गराउने व्यवस्था गर्ने ।

४. वडाको जनसंख्याभित्र पनि महिला, आदिवासी जनजाति, दलित, मधेशी, खस आर्य, थारु, मुस्लिम, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता भएका व्यक्तिको जनसंख्यालाई मध्येनजर गरी सोही आधारमा समानुपातिक/समावेशी प्रतिनिधित्वलाई ध्यान दिने ।

५. नयाँ क्रियाशील सदस्यता वितरण गर्दा १८ देखि ३० वर्षका युवाहरुको व्यापक प्रतिनिधित्व हुने गरी प्राथमिकता दिई वितरण गर्नु पर्ने ।

६. समाजमा विभिन्न पेशागत वुद्धिजीवी तथा सामाजिक कार्यमा संलग्न व्यक्तिहरुलाई प्राथमिकता दिनु पर्ने ।

७. निर्वाचनका समयमा पार्टी र उम्मेदवारको पक्षमा मत जुटाउने अभियानमा संलग्न भएका व्यक्तिहरु, पार्टीले आयोजना गरेको प्रशिक्षण, गोष्ठी, अन्तरक्रिया लगायत राजनीतिक, सामाजिक, सांस्कृतिक एवं विविध रचनात्मक कार्यक्रमहरुमा सक्रियतापूर्वक सहभागी भएका व्यक्तिहरु र पार्टी वा भ्रातृ संघको माध्यमबाट विकास निर्माण र अन्य सामाजिक कार्यमा सक्रिय रहेका व्यक्तिहरुलाई क्रियाशील सदस्यता प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने ।

८. राष्ट्रिय मान्यता प्राप्त अन्य राजनीतिक दलबाट नेपाली कांग्रेसमा प्रवेश गरेका व्यक्तिलाई अनिवार्य रुपमा नेपाली कांग्रेसको क्रियाशील सदस्यता उपलब्ध गराउने ।

**नयाँ क्रियाशील सदस्यता वितरण प्रक्रियाः**

१. कार्यतालिकामा तोकिएको समयभित्रै अविलम्व क्षेत्रीय कार्यसमितिको बैठक बसी सबै वडामा क्रियाशील सदस्यता फारम उपलब्ध गराइसक्नु पर्ने भएकोले क्षेत्रीय कार्यसमितिको बैठकमा प्रदेश सभा क्षेत्रीय कार्यसमितिको सभापति, पालिका सभापति र क्षेत्रभित्रका भ्रातृ तथा शुभेच्छुक संस्थाका प्रमुखलाई र पालिका बैठकमा सबै वडा सभापति, पालिका भित्रका भ्रातृ

तथा शुभेच्छुक संस्थाका प्रमुखलाई समेत आमन्त्रण गरी वितरणको कार्यतालिका, प्रक्रिया र मापदण्डबारे जानकारी गराई सदस्यता फारम उपलब्ध गराउनु होला ।

२. नयाँ क्रियाशील सदस्यता वितरणलाई व्यापक र सहज बनाउने पार्टीको नीति रहेकोले १४ औं महाधिवेशनका क्रियाशील सदस्य संख्याको शतप्रतिशत नयाँ क्रियाशील सदस्य फारम प्रतिनिधिसभा क्षेत्रिय कार्यसमितिलाई केन्द्रले उपलब्ध गराउने छ । यसका अतिरिक्त वडाको जनसंख्या, मतदाता, क्रियाशील सदस्यको अनुपातमा मापदण्ड, क्लष्टर एवं १८ देखि ३० वर्ष उमेर समुहको समेत सहभागिता अपुग भएमा वडा कार्यसमितिले निर्णय गरी पालिका, प्रदेशसभा र क्षेत्रीय कार्यसमितिलाई माग गरेमा थप सदस्यता फारम उपलब्ध गराइने छ ।

३. नयाँ क्रियाशील सदस्यता वितरण गर्दा कुनै पनि कलष्टर नछुटोस् भन्नका लागि प्रत्येक वडाको मतदाता संख्या र जनसंख्याको आधारमा (महिला, आदीवासी जनजाती, खस आर्य, दलित, मधेशी, मुस्लीम, थारु, अल्पसंख्यक, सिमान्तकृत, अपांगता भएका व्यक्ति, वुद्धिजिवी, पेशा व्यवसायी र युवा लगायत) क्रियाशील सदस्यताको अबस्थालाई समेत मध्यनजर गरी जुन समुदाय, लिङ्ग र उमेर समुहको सदस्यता कमि छ त्यसलाई ध्यानमा राखी सदस्यता वितरण गर्नुहोला ।

**नयाँ कियाशील सदस्यता वितरण अनुपात सकेसम्म समावेशी, समानुपातिक रुपमा हुन सकोस् भन्ने ध्येयले वडाको जनसख्या र क्रियाशील सदस्यको विवरण यसैसाथ पठाइएको छ । सबै वडाहरुमा अनिवार्य रुपमा तथ्याङ्क प्रतिनिधि सभा क्षेत्रीय सभापतिले उपलब्ध गराउनु पर्नेछ ।**

४. नयाँ कियाशील सदस्यको नामावली प्रविष्ट (इन्ट्री) गर्नका लागि अनलाईन आइडी र पासवर्ड क्षेत्रीय कार्यसमितिका सभापतिको मोवाईल नम्बरमा उपलब्ध गराइने छ । अनलाइन आइडी र पासवर्डको लागि मोवाइल नं. ९८५२०५४०८१ मा सम्पर्क गर्न सकिनेछ । अन्य प्राविधिक समस्याका लागि सम्पर्क गर्ने नंम्बरहरु एसएमएसद्वारा पठाइनेछ ।

५. **कियाशील सदस्यता शुल्कको बाँडफाँड गर्दा नेपाली कांग्रेसको नियमावली, २०७६ को नियम ४ को (२) अनुसार–** प्रत्येक कियाशील सदस्यको वडामा रु. ४०।-, पालिकामा रु. ४०।-, प्रदेश सभा क्षेत्रीय कार्यसमितिमा रु. ४०।-, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिमा रु. ४०।-, जिल्ला कार्यसमितिमा रु. ४०।- सम्वन्धित तहमै राखी प्रदेश कार्यसमितिले पाउने रु. ४०।- र केन्द्रले प्राप्त गर्ने रु. ६०।- गरी जम्मा रु. १००।- नेपाली कांग्रेस केन्द्रीय कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि. टेकु शाखाको खाता नं १७००१००००७१४६०१० मा केन्द्रमा पठाउनु पर्ने कूल रकम जम्मा गरेको भौचर अनिवार्य केन्द्रीय कार्यालयमा बुझाउन पर्नेछ ।

६. नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको निर्णय र कार्यतालिका अनुसार समयमा नै वडामा सदस्यता उपलब्ध नगराएमा, विधान बमोजिम मापदण्ड पुगेका व्यक्तिलाई सदस्यता नदिएमा

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

वा रोकेमा कारण सहित सम्वन्धित कार्यसमिति र व्यक्तिले सम्बन्धित पालिका कार्यसमितिमा निवेदन दिन सक्नेछ । क्रियाशील सदस्यता वितरणमा तहगत रुपमा फारम नपठाएमा वा योग्यता पुगेका व्यक्तिलाई क्रियाशील सदस्यताबाट वन्चित गरेमा सदस्यता व्यवस्थापन केन्द्रीय समितिले आवश्यक वैकल्पिक प्रबन्ध गर्नेछ ।

**वडा कार्यसमितिको सन्दर्भमाः**

१. क्रियाशील सदस्यता वितरणको लागि महत्वपूर्ण तह वडा कार्यसमिति भएकोले तोकिएको मितिमा नै वडा कार्यसमितिको बैठक बसी मापदण्ड बमोजिम क्रियाशील सदस्यता वितरण प्रक्रिया प्रारम्भ गर्नुहोला ।

२. वडा कार्यसमितिको निर्णय सहित तोकिएको कार्यतालिका भित्रै सदस्यता वितरण कार्य सम्पन्न गरी सो विवरण पालिका कार्यसमितिले आफ्नो निर्णय सहित प्रदेश सभा क्षेत्रीय कार्यसमितिलाई र प्रदेश क्षेत्रीय कार्यसमितिले निर्णय सहित प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमा अन्तिम नाममावली सूची र शुल्क उपलब्ध गराउनुहोला ।

अन्त्यमा, विधान र नियमावलीको व्यवस्था एवं नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको निर्णय अनुसार सदस्यता वितरण व्यापक र सहज बनाउने पार्टीको नीति रहेकोले सोही अनुसार योग्यता र मापदण्ड पुगेका व्यक्तिलाई सदस्यता वितरण गरी वडा/पालिका/प्रदेश सभा क्षेत्रीय र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको निर्णय सहित अन्तिम नामावली तोकिएको कार्यतालिका भित्रै केन्द्रमा उपलब्ध गराउनु हुन पुनःनिर्देश गरिन्छ ।

**जय नेपाल !**

गगनकुमार थापा
**महामन्त्री**

**बोधार्थः**
श्री सभापति जिल्ला कार्यसमिति । (एक भन्दा बढी क्षेत्र भएका जिल्ला)

**कार्यार्थः**
१.श्री सभापति वडा कार्यसमिति ।
२. श्री सभापति गाउँ-नगर कार्यसमिति ।
३. श्री सभापति प्रदेशसभा कार्यसमिति ।

**आवश्यक समन्वय र अनुगमनको लागिः**
श्री सभापति, प्रदेश कार्यसमिति ।

टेलिफोन : (००९७७–१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
**E-mail:** info@nepalicongress.org / **Internet Access: http://www.nepalicongress.org**